QAA को संयोजक भएका कारण, म उहाँहरूको निरन्तर कडा परिश्रमका लागि सबै टोली सदस्यहरू र कर्मचारीहरूलाई हार्दिक धन्यवाद् र आभार व्यक्त गर्न चाहन्छु । हाम्रो क्याम्पसका लागि यो सम्मानको रक्षा र संरक्षण गर्न हामी सबैको उत्तरदायी भूमिका रहेको छ । त्यसकारण क्याम्पसको मर्यादा उच्च बनाउन सबै सम्बन्धित व्यक्तिहरूको प्रमुख कर्तव्य र उत्तरदायित्व हो । सर्वप्रथमत QAA प्राप्त गर्नु नै कठिन विषय हो भने यसको गरिमा र साख जोगाई निरन्तरता दिन सक्नु अत्यन्त कठिन कार्य हो । त्यसैले नेपालीको पूर्वी अनकन्टानर ठाउँमा रहेको हाम्रो क्याम्पसले उत्तरोत्तर प्रगति गरोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

अन्तमा QAA PRT टिममा संयोजक विद्वान् पिताका अत्यन्त विद्वान पुत्र दिनेशराज पन्तज्यूले हामीप्रति गर्नु भएको गुणका लागि धन्यवाद टक्रयाउँदै आभार व्यक्त गर्दछु ।

धन्यवाद !

# शिक्षण अभ्यास विभाग

## वार्षिक प्रतिवेदन - २०७६/०७७

● नारदकुमार थापा

संयोजक, शिक्षण अभ्यास

### १) पृष्ठभूमि

मन्थली सहिद स्मृति बहुमुखी क्याम्पसले त्रिभुवन विश्वविद्यालयबाट २०५९ सालमा बीएड् शिक्षाको सम्बन्धन लिएपश्चात् २०६१ सालमा पहिलोपटक अभ्यास शिक्षण कार्यक्रम सम्पन्न गरेको थियो । 'गुणस्तरीय शिक्षाका लागि तालिम प्राप्त शिक्षक उत्पादन' भन्ने मूल मन्त्रका साथ शिक्षाशास्त्र सङ्कायको मेरुदण्डको रूपमा रहेको अभ्यास शिक्षण कार्यलाई समयसापेक्ष, व्यवस्थित, प्रभावकारी र वैज्ञानिक बनाउन विभाग क्रियाशील रहेको छ । विद्यार्थीहरूले विभिन्न विषयका माध्यमबाट सिकेका सैद्धान्तिक ज्ञान तथा अनुभवलाई व्यवहारिक र प्रयोगात्मक ढङ्गले कक्षा कोठामा अवतरण गर्न यो प्रयोगात्मक कार्यले महत्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ । दक्ष, योग्य र तालिम प्राप्त शिक्षक उत्पादनका लागि अभ्यास शिक्षण कार्य कोसेढुङ्गा सावित भएको पाइन्छ । त्यस्तै २०६७ सालमा त्रिविबाट एम्एड् तहमा इपिएम् र नेपाली विषय सम्बन्धन लिएपश्चात् त्यस तहका विद्यार्थीहरूलाई पनि अभ्यास शिक्षण कार्यमा निरन्तर रूपमा सरिक गराइँदै आइएको छ । बीएड् तहमासूक्ष्म शिक्षण, कक्षा प्रस्तुतीकरण र सहपाठी शिक्षण र कक्षा अवलोकन पश्चात् सहयोगी विद्यालयमा वास्तविक कक्षा शिक्षणका लागि पठाइने गरिएको छ ।

विद्यार्थीहरूले सहयोगी विद्यालयमा गएर तोकिएका मापदण्ड बमोजिमका क्रियाकलापहरू विद्यालयसँग समन्वय गरी कक्षा प्रस्तुतीकरण गर्ने गरिएको पाइन्छ । त्यस्तै एम्एड् चौथौ सेमेष्टरमा सूक्ष्म शिक्षण तथा सहपाठी शिक्षण पश्चात् तोकिएको विद्यालय र क्याम्पसमा गएर वास्तविक शिक्षण गर्नु पर्ने व्यवस्था रहेको छ । क्याम्पसले आन्तरिक सुपरीवेक्षकबाट ३ पटक आन्तरिक मूल्याङ्कन गरेपश्चात् कार्यक्रमको अन्त्यमा डिन कार्यालयबाट वाह्य पर्यवेक्षणका लागि वाह्य परीक्षकको व्यवस्था गरेर वाह्य परीक्षण कार्य सम्पन्न हुने गरेको छ । यस वर्षबीएड् तहमा छात्र शिक्षकहरू सूक्ष्म शिक्षण सम्पन्न गरी बास्तविक कक्षा शिक्षण गर्न पठाइएको र बाह्य परीक्षण सम्पन्न हुन बाँकी रहेको छ । QAA को गुणस्तर सुनिश्चिततताका लागि शिक्षाशास्त्र सङ्कायको यस अभ्यास शिक्षण कार्यले महत्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा यस क्याम्पसले राखेको पाइन्छ ।

यस वर्ष अभ्यास शिक्षण कार्यलाई व्यवस्थित र वैज्ञानिक बनाउनका लागि ४ वटा बैठकहरू राखिएको छ । सो कार्यले अभ्यास शिक्षण कार्यलाई आगामी दिनहरूमा अझै प्रभावकारी र योजनाबद्ध रूपमा सम्पन्न गर्न सहयोग पुग्ने छ ।

## २) शिक्षण अभ्यास विभाग

| क.सं. | पद | नामथर | विषय |
|---|---|---|---|
| १. | संयोजक | नारदकुमार थापा | नेपाली शिक्षा |
| २. | सदस्य | पेशलकुमार आचार्य | नेपाली शिक्षा |
| ३. | सदस्य | राजेन्द्र दुरा | गणित शिक्षा |
| ४. | सदस्य | भरतकुमार श्रेष्ठ | स्वास्थ्य शिक्षा |
| ५. | सदस्य | प्रदीपराज सुवेदी | जनसङ्ख्या शिक्षा |
| ६. | सदस्य | ऋषि कार्की | अङ्ग्रेजी शिक्षा |
| ७. | सदस्य | खेचबहादुर खड्का | नेपाली शिक्षा |
| ८. | सदस्य | बद्रीप्रसाद अधिकारी | अङ्ग्रेजी शिक्षा |
| ९. | सदस्य | रीता दहाल | नेपाली शिक्षा |

## २) शिक्षण अभ्यास विभागका प्रमुख कार्यहरू

- अभ्यास शिक्षण कार्यका लागि विद्यार्थीहरूलाई समयमै सुसूचित गराउने
- तोकिएको समयमा अभ्यास शिक्षण कार्य सम्पन्न गर्ने
- आवश्यकतानुसार समय समयमा बैठक बस्ने
- सूक्ष्म शिक्षण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने
- अभ्यास शिक्षण कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउने
- आन्तरिक सुपरीवेक्षकहरू नियुक्त गर्ने
- प्रभावकारी कक्षा निरीक्षण र अनुगमन गर्ने
- शिक्षक, विद्यार्थी र सहयोगी विद्यालयबीच अन्तर्क्रिया गर्ने
- वाह्य परीक्षणका लागि सम्बन्धित निकायमा पत्राचार गर्ने
- तोकिएको समयमै वाह्य परीक्षण कार्य सम्पन्न गर्ने/गराउने ।

## ३) शिक्षण अभ्यासका सबल पक्षहरू

- तालिम प्राप्त योग्य र दक्ष शिक्षक उत्पादन
- आपसी सहयोग र जिम्मेवारी बोध
- सहयोगी विद्यालयहरूसँगको प्रगाढ सम्बन्ध

- गुणस्तरीय शिक्षा प्राप्तिमा सहयोगी सिद्ध
- अनुशासित र लगनशील विद्यार्थी उत्पादन
- सामूहिक नेतृत्व सीपको विकासमा जोड

### ४) शिक्षण अभ्यासका समस्या र चुनौतिहरू

- अभ्यास शिक्षणको महत्व र प्रभावकारिता बारे विद्यार्थी अनभिज्ञ हुनु
- शैक्षिक सत्रको अन्त्यमा कार्यक्रम हुने हुँदा कतिपय विद्यार्थीहरू सम्पर्कमा नआउनु
- जागिरमा कार्यरत विद्यार्थीहरूलाई नियमित रूपमा शिक्षण कार्यमा क्रियाशील बनाउन नसक्नु
- सम्बन्धित निकायबाट सामयिक रूपमा अनुगमन र नियमन नहुनु
- विद्यालयहरू भौगोलिक रूपमा टाढाटाढा हुनु ।

### ५) समाधानका उपायहरू

- अभ्यास शिक्षण कार्यक्रमलाई अझ बढी व्यवस्थित र वैज्ञानिक बनाउने
- विद्यार्थीहरूलाई समयमै कार्यक्रमका बारेमा सुसूचित गराउने
- तोकिएका सहयोगी विद्यालयहरूमा मात्र विद्यार्थीलाई अभ्यास शिक्षणका क्रममा पठाउने नियमको पूर्ण कडाइका साथ परिपालना गर्ने
- अनुगमन र नियमनलाई चुस्तदुरूस्त बनाउने ।

अन्तमा, शिक्षाशास्त्र सङ्कायको तालिम प्राप्त शिक्षक उत्पादन गर्ने कडीका रूपमा रहेको अभ्यास शिक्षणलाई आगामी दिनहरूमा अझ बढी व्यवस्थित र वैज्ञानिक बनाई दक्ष शिक्षक उत्पादन गरी गुणस्तरीय शिक्षा प्रदान गर्न सहयोग सिद्ध हुने अपेक्षा अभ्यास शिक्षण विभागले लिएको छ ।

# परीक्षा विभाग

## वार्षिक प्रतिवेदन - २०७६/०७७

● तीर्थराज बराल
परीक्षा संयोजक

### १) पृष्ठभूमि

यस क्याम्पसमा रहेको परीक्षा समितिले वार्षिक कार्य तालिका अनुसार आन्तरिक तथा त्रिविद्वारा सञ्चालित वार्षिक परीक्षा सञ्चालन गर्दै आइरहेको छ । विद्यार्थीहरूको सिकाइ उपलब्धिको प्रत्यक्ष मापन गर्ने तथा सिकाइलाई प्रभावकारी र उद्देश्यमूलक बनाउने प्रमुख माध्यम भनेकै परीक्षा प्रणाली हो जसबाट सिकारूमा क्रियाशीलता रचनात्मकता आदिको विकास हुने हुँदा शिक्षण सिकाइ पनि प्रभावकारी बन्न जाने हुन्छ । यसलाई मध्यनजर गर्दै परीक्षा समितिले क्याम्पसको वार्षिक कार्यतालिका अनुसार आन्तरिक परीक्षा सञ्चालन, उत्तर पुस्तिका परीक्षण तथा नतिजा प्रकाशन, वितरण र विश्लेषण गर्दै आएको छ । जसमा बीबीएम् चौथो वर्षको दुईपटक, बीए, बीएड् र बीबीएस् प्रथम, द्वितीय र तृतीय वर्षको तीनपटक आन्तरिक परीक्षा लिने व्यवस्था गरिएको छ । सोही बमोजिम शैक्षिक कार्य पात्रोमा समेत परीक्षा कार्यतालिका प्रकाशन गरी सो अनुसार नै परीक्षा सञ्चालन गर्ने गरिएको छ ।

परीक्षा समिति

| क्र.सं. | पद | नामथर |
|---|---|---|
| १. | संयोजक | तीर्थराज बराल |
| २. | सदस्य | दिनेशकुमार कार्की |
| ३. | सदस्य | शिवप्रसाद सुवेदी |

### २) परीक्षा समितिको बैठक तथा निर्णयहरू

● २०७६ बैशाख १६ गतेबैठक बसी स्नातक तह प्रथम, द्वितीय र तृतीय वर्षको यस क्याम्पसले सञ्चालन गर्ने आन्तरिक परीक्षा वर्षको तीनपटक तथा चौथो वर्षको २ पटक सञ्चालन गर्ने निर्णय भएको ।

● २०७६ जेठ १४ गते बसेको बैठकले जेठ २० गतेदेखि सञ्चालन हुने स्नातक तह तृतीय वर्षको परीक्षालाई व्यवस्थित र मर्यादित बनाउने निर्णय भएको।

● २०७६ पुस १० गते क्याम्पसको आन्तरिक परीक्षा पुस २० गतेदेखि सञ्चालन गर्ने निर्णय गरियो ।

● २०७६ माघ १७ गते बसेको बैठकले क्याम्पसमा सञ्चालन भएको आन्तरिक परीक्षाको नतिजा प्रकाशन गर्ने निर्णय गरियो ।

## ३) क्रियाकलाप तथा उपलब्धिहरू

- निरन्तर आन्तरिक परीक्षा सञ्चालन गरिएको
- सम्बन्धित विषयका अध्यापकहरू आन्तरिक परीक्षाप्रति पूर्ण जिम्मेवार रहेका
- एकाइ तथा मासिक परीक्षा सञ्चालन गरी विद्यार्थीहरूलाई आवश्यक पृष्ठपोषण प्रदान गरिएको
- विद्यार्थीहरूमा सिकाइप्रति उत्पेरणा जागृत भएको

## ४) सबल पक्षहरू

- आआफ्ना जिम्मेवारी र उत्तरदायित्व पूरा गरिएको
- आन्तरिक परीक्षाको उत्तरपुस्तिका परीक्षण पश्चात् विद्यार्थीहरूलाई आफ्ना त्रुटिका क्षेत्रहरू पहिल्याउन सहयोग पुगेको
- पनिकाले लिएको अन्तिम परीक्षा मर्यादित र व्यवस्थित रहेको
- अध्यापकहरूबीच आपसी सम्बन्ध र समन्वयको विकास भएको
- विद्यार्थीहरूमा यस किसिमका परीक्षाहरू पश्चात् सिकाइमा अभिरूचि पैदा भएको

## ५) समस्या तथा चुनौतिहरू

- आन्तरिक परीक्षामा विद्यार्थीहरूको उपस्थिति कम रहेको
- विद्यार्थीहरूले आन्तरिक परीक्षालाई खासै रूपमा महत्व नदिएका ।

## ६) समाधानका उपायहरू

- परीक्षालाई समयानुकूल व्यवस्थित बनाउने
- परीक्षा विश्लेषण गरी अभिलेखीकरणलाई प्रविधिमूलक बनाउने
- विद्यार्थीहरूमा परीक्षाको महत्वका बारेमा जानकारी प्रदान गर्ने
- परीक्षाप्रति सबै विभागहरू प्रतिबद्ध हुने ।

अन्तमा, विद्यार्थीहरूले विभिन्न विषयमा सिकेका ज्ञान, सीप तथा धारणाहरूलाई मापन गर्ने परीक्षालाई आगामी दिनहरूमा अझ व्यवस्थित गरी सिकाइ उपलब्धि वृद्धि गर्ने अपेक्षा परीक्षा समितिले गरेको छ ।

# शिक्षाशास्त्र विभाग

## वार्षिक प्रतिवेदन - २०७६/०७७

• भरतकुमार श्रेष्ठ

प्रमुख, शिक्षाशास्त्र विभाग

### १) पृष्ठभूमि

मन्थली सहिद स्मृति बहुमुखी क्याम्पसमा त्रिभुवन विश्वविद्यालयबाट वि.सं. २०५९ सालमा बी.एड्.को सम्बन्धन लिएपश्चात् शिक्षाशास्त्र सङ्काय अन्तर्गत नेपाली, अङ्ग्रेजी, गणित, स्वास्थ्य, जनसङ्ख्या र अर्थशास्त्र जस्ता विषयहरू पठनपाठन हुँदै आएको छ । यस विभाग अन्तर्गत विभिन्न विषय समितिहरू रही शिक्षण सिकाइलाई समयसापेक्ष, गुणस्तरीय र वैज्ञानिक बनाउने कार्य तदारुकताका साथ हुँदै आएको पाइन्छ । **'सिकाइ आज ... नेतृत्व भोलि'** भन्ने क्याम्पसको मूलनारालाई मूर्तरूप दिन, शिक्षणलाई जीवनोपयोगी र उत्पादनमूलक बनाउन शिक्षाशास्त्र सङ्कायका विभिन्न विषय समितिहरूले महत्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ ।

रामेछाप जिल्लामा शिक्षाशास्त्र अध्ययन गराउने गुणस्तरयुक्त संस्था नभएको अवस्थामा त्रि.वि.बाट सम्बन्धन लिए पश्चात् मन्थली सहिद स्मृति बहुमुखी क्याम्पसले सीपयुक्त जनशक्ति उत्पादन गर्ने कार्यमा धेरै सहयोग पुऱ्याएको पाइन्छ । विभिन्न विद्यालयहरूमा आवश्यक पर्ने विषयगत जनशक्तिहरू अपुग रहेको अवस्थामा यस क्याम्पसले शिक्षाशास्त्र सङ्काय मार्फत् आधारभूत तथा माध्यमिक तहका लागि आवश्यक पर्ने तालिम प्राप्त जनशक्ति उत्पादन गरी शिक्षक व्यवस्थापनमा शैक्षिक जनशक्ति आपूर्तिमा महत्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ । शिक्षाशास्त्र सङ्काय अन्तर्गत वि.सं.२०६७ सालमा एम.एड्. तहमा नेपाली र इपिएम् विषयमा सम्बन्धन लिई शिक्षा क्षेत्रमा आवश्यक पर्ने जनशक्तिहरू उत्पादनमा सहयोग पुऱ्याइएको यस क्याम्पसले विश्वविद्यालय अनुदान आयोगबाट यसै शैक्षिक सत्रमा QAA प्राप्त गरिसकेको छ ।

शुरूका वर्षहरूमा यस सङ्कायतर्फ विद्यार्थीहरूको आकर्षण केही बढेको भए तापनि विगत दुईतीन वर्षदेखि विद्यार्थीहरूको आकर्षण कम हुँदै गएको देखिन्छ । यसो हुनुमा बीएड् तह चार वर्षे हुनु, प्राविधिक विषयको महत्व बढ्दै जानु, उत्पादित जनशक्तिले यथोचित रोजगार नपाउनु, विद्यार्थीहरू विविध कार्यका लागि विदेश पलायन हुनु र शिक्षाशास्त्र सङ्कायतर्फ प्राविधिक र व्यवसायिक विषयलाई प्राथमिकतामा नराख्नु जस्ता कारणहरूले गर्दा विद्यार्थी सङ्ख्यामा गिरावट आएको पाइन्छ तर यस शैक्षिक शत्र देखि क्रमश विद्यार्थीको सङ्ख्यामा वृद्धि हुदै गएको छ ।यस विभाग अन्तर्गत अभ्यास शिक्षण समिति पनि क्रियाशील रहेको पाइन्छ । यस विभागको मेरुदण्डका रूपमा रहेको सो

समितिले विद्यार्थीले प्राप्त गरेका सैद्धान्तिक ज्ञान, सीप तथा अनुभवलाई प्रयोगात्मक ढङ्गले व्यवहारमा उतारी आफ्ना सीप तथा क्षमतालाई प्रखर बनाएको पाइन्छ ।

गत शैक्षिक सत्रदेखि एम्एड् तहमा सेमेष्टर प्रणाली लागू भई अध्ययन अध्यापन कार्य सुचारू भएको पाइन्छ । सेमेष्टर प्रणाली अन्तर्गत दुवै विषयमा ४० प्रतिशतको आन्तरिक मूल्याङ्कन अन्तर्गत पहिलो आन्तरिक परीक्षा समेत सम्पन्न भएको छ । सेमेष्टर प्रणालीलाई व्यवस्थित र आधुनिक बनाउन आधुनिक प्रविधिमार्फत् शिक्षण सिकाइ गर्ने पद्दतिको समेत शुरूवात गरिएको छ । एम्एड् तहमा On line मार्फत् नियमित रूपमा शिक्षण सिकाइ कार्य सञ्चालन भैरहेको छ ।

### २) शिक्षाशास्त्र सङ्कायमा प्राध्यापनरत प्राध्यापकहरू

| क्र.सं. | पद | नामथर | विषय |
|---|---|---|---|
| १. | विभागीय प्रमुख | भरतकुमार श्रेष्ठ | स्वास्थ्य शिक्षा |
| २. | सदस्य | राजेन्द्र दुरा | गणित शिक्षा |
| ३. | सदस्य | नारदकुमार थापा | नेपाली शिक्षा |
| ४. | सदस्य | प्रदीपराज सुवेदी | शिक्षा |
| ५. | सदस्य | ऋषि कार्की | अङ्ग्रेजी शिक्षा |
| ६. | सदस्य | खेचबहादुर खड्का | नेपाली शिक्षा |
| ७. | सदस्य | दीपककुमार खड्का | अङ्ग्रेजी शिक्षा |
| ८. | सदस्य | सुरेन्द्रबहादुर केसी | गणित शिक्षा |
| ९. | सदस्य | निमेष लम्साल | अङ्ग्रेजी शिक्षा |
| १०. | सदस्य | रीता दाहाल | नेपाली शिक्षा |

### ३) २०७६/०७७ का बैठक तथा निर्णयहरू

- २०७६-०४-२४ मा एम्.एड्. सेमेष्टरको कक्षा सञ्चालन गर्न विषयगत अध्यापकहरूलाई जिम्मेवारी तोकी कोर्स सम्पन्न गरे पश्चात् दिइने पारिश्रमिक निर्धारण गरिएको ।
- २०७६-०५-०२ मा शिक्षाशास्त्र सङ्कायमा पठनपाठन हुने सम्पूर्ण विषयहरूको पाठ्यक्रम सुधार सम्बन्धमा विभागमा प्राध्यापनरत् अध्यापकहरूको सामूहिक छलफलबाट पाठ्यक्रममा देखिएका सबल पक्ष र सुधार गर्नु पर्ने पक्षहरू तोकी पाठ्यक्रम विकास केन्द्रमा पठाउने निर्णयहरू गरिएको ।
- २०७६-०५-२० मा एम्एड् दोस्रो वर्षका शोधार्थीहरूले पेश गरेका शोध प्रस्ताव अध्ययन गरी स्वीकृति गरिएको र शोध निर्देशक तोकिएको ।
- २०७६-०७-१७ मास्नातक तह प्रथम बर्षदेखि चतुर्थ वर्षसम्मका कक्षाहरू नियमित सञ्चालन गर्न कार्य तालिका सहित निर्णय गरिएको ।

## ४) विभागका सबल पक्षहरू

- तालिम प्राप्त शिक्षक उत्पादनमा सहयोगी भएको ।
- विभिन्न विषयहरूका माध्यमबाट जीवनोपयोगी सीप प्रदान गरिएको ।
- व्यवहारिक तथा प्रयोगात्मक ज्ञान प्रदान गर्ने गरिएको ।
- जिल्लास्थित विभिन्न स्थानमा रहेका आधारभूत तथा माध्यमिक तहमा शिक्षक आपूर्तिमा सहजता भएको ।
- यस शैक्षिक शत्र देखि क्रमश विद्यार्थीको संख्यामा वृद्धि हुदै गएको ।
- जिल्लाबाहिर गएर उच्च शिक्षा अध्ययन गर्न नसक्ने, गरिब, पिछडिएका वर्ग, सीमान्तकृत वर्ग र विभिन्न पेसामा लागेका व्यक्तिहरूलाई अध्ययन कार्यमा सहजता भएको ।
- जिल्लामा सबैभन्दा धेरै व्यक्तिहरूलाई शिक्षाशास्त्रमा उच्च शिक्षा प्रदान गरीं जिल्ला र छिमेकी जिल्लाहरूमा शैक्षिक जनशक्ति आपूर्तिमा मद्दत पुगेको ।

## ५) विभागका समस्या र चुनौतिहरू

- त्रिविले स्थानीय धरातल नबुझी धमाधम क्याम्पसहरूलाई सम्बन्धन दिनु तर अनुगमन र नियमन सामयिक रूपमा नहुनु ।
- विभागमा कार्यरत प्राध्यापकहरूको पेशागत स्थायित्व नहुनु ।
- विद्यार्थीहरू पठनपाठनमा नियमित हुन नसक्नु ।
- शिक्षाशास्त्र सङ्काय अन्तर्गतको पाठ्यक्रमलाई समयानुकूल, व्यवहारिक र वैज्ञानिक बनाउन नसक्नु ।

## ६) समाधानका उपायहरू

- त्रिविले यस सङ्कायको सम्बन्धन दिँदा वास्तविकता अध्ययनलाई विशेष प्राथमिकता दिनु पर्ने ।
- प्राध्यापकहरूको पेसागत स्थायित्वका बारेमा सम्बन्धित निकायले ध्यान दिनु पर्ने ।
- विद्यार्थीहरूलाई कक्षाकोठामा नियमित उपस्थित गराउन व्यवहारिक तरिका अपनाउनु पर्ने ।
- शिक्षणलाई समयानुकूल प्रविधिमैत्री बनाइनु पर्ने ।

अन्तमा, शिक्षाशास्त्र विभाग मन्थली सहिद स्मृति बहुमुखी क्याम्पसको हालसम्म सबैभन्दा बढी स्नातकोपाधि प्रदान गर्ने विभागको रूपमा रहेको छ । स्नातकोत्तर तह सम्मको शिक्षा प्रदान गरी विद्यालय तहका लागि आवश्यक पर्ने दक्ष जनशक्ति आपूर्ति गर्ने कार्यमा यस विभाग निरन्तर रूपमा क्रियाशील रही सेवा प्रवाह गरिरहेको छ ।

# मानविकी विभाग

## वार्षिक प्रतिवेदन - २०७६/०७७

• बद्रीप्रसाद अधिकारी

प्रमुख, मानविकी विभाग

### १) पृष्ठभूमि

यस मन्थली सहिद स्मृति बहुमुखी क्याम्पस २८ पौष २०७६ सालमा UGC मार्फत् 'गुणस्तर सुनिश्चितता र प्रत्यायन' (QAA) प्रमाण-पत्र प्राप्त क्याम्पसको रूपमा गुणस्तरीय उच्च शिक्षाको लागि अग्रसर सामुदायिक क्याम्पस हो । त्रिभुवन विश्वविद्यालयबाट वि.सं. २०५७ सालमा स्नातक तहको सम्बन्धन लिएपश्चात् यस क्याम्पसमा मानविकी सङ्काय अन्तर्गत अर्थशास्त्र, समाजशास्त्र र ग्रामीण विकास जस्ता विषयहरू सक्रिय रूपमा अध्ययन अध्यापन हुँदै आएको छ । पछिल्लो समयमा स्नातक तह कार्यक्रमतर्फ जनसङ्ख्या, अङ्ग्रेजी, आमसञ्चार तथा पत्रकारिता, भूगोल, इतिहास, राजनीतिक शास्त्र, मनोविज्ञान तथा दर्शनशास्त्र जस्ता विषयहरू तथा स्नातकोत्तर तहतर्फ समाजशास्त्र, ग्रामीण विकास र राजनीतिक शास्त्रजस्ता विषयहरू थप गर्नुपर्ने टड्कारो आवाज र आवश्यकता रहेको देखिन्छ । 'Learning Today ... Leading Tomorrow.' नामक मूलमन्त्रलाई आत्मसात गर्दै यो क्याम्पस स्थापना कालदेखि नै आफ्नो उद्देश्य पूरा गर्न निरन्तर रूपमा लागिरहेको छ । रामेछापको सदरमुकाम मन्थलीमा रहेर जिल्लाभित्र र अन्य छिमेकी जिल्लाका विद्यार्थीहरूलाई गुणस्तरीय उच्च शिक्षा प्रदान गर्नका लागि यस क्याम्पसले QAA प्राप्ति पछिका दिनहरूमा अझै धेरै काम गर्नु पर्ने आवश्यकता र जिम्मेवारी बोध भइरहेको छ । यस क्याम्पसले क्याम्पसको पठन पाठनलाई व्यवस्थित, समयसापेक्ष र गुणस्तरीय रूपमा अगाडि बढाउन प्रविधि मैत्री वातावरण निर्माण गरी शिक्षण सिकाइमा नयाँ विधि र पद्दतिहरूको अवलम्बन गर्दै आएको छ ।

यस सन्दर्भमा २०७४ सालदेखि मानविकी सङ्कायलाई नेतृत्व प्रदान गर्ने काम सहायक प्राध्यापक बद्रीप्रसाद अधिकारीको अध्यक्षतामा मानविकी सङ्काय गठन भई हालसम्म निरन्तर रूपमा काम हुँदै आएको छ । यस सन्दर्भमा सङ्कायगत शैक्षिक क्रियाकलाप र अन्य गतिविधिहरूलाई चुस्त र प्रभावकारी बनाउन छुट्टै भवनमार्फत् गतिविधिहरू सञ्चालित छन् ।

## २) मानविकी सङ्कायमा प्राध्यापनरत प्राध्यापकहरू

| क्र.सं. | पद | नामथर | योग्यता |
|---|---|---|---|
| १. | विभागीय प्रमुख | बद्रीप्रसाद अधिकारी | एम्.ए. |
| २. | सदस्य | टंकप्रसाद दहाल | एम.फिल., एम्.ए. |
| ३. | सदस्य | पेशलकुमार आचार्य | एम्.ए. |
| ४. | सदस्य | तीर्थराज बराल | एम्.ए. |
| ५. | सदस्य | विष्णुहरि सुवेदी | एम्. ए. |
| ६. | सदस्य | निरज झा | एम्.बि.ए. |
| ७. | सदस्य | निमेष लम्साल | एम.फिल., अंग्रेजी |

## ३) विभागीय बैठक तथा निर्णयहरू

यस मानविकी विभाग अन्तर्गत २०७६ सालमा विभिन्न बैठकहरू बसी शिक्षण सिकाइलाई उपलब्धिपूर्ण बनाउनका लागि निम्नानुसार निर्णय भएका छन् :

| क्र.सं. | मिति | निर्णयहरू |
|---|---|---|
| १. | २०७६-०१-१२ | QAA सम्बन्धी Final Observation सम्बन्धमा |
| २. | २०७६-०१-१६ | QAA सम्बन्धी PRT members को अवलोकन र अन्तरक्रिया |
| ३. | २०७६-०४-३१ | पाठ्यक्रमको विश्लेषण गरी पृष्ठपोषणसहित त्रि.वि. मानविकी सङ्कायको विषयगत समितिमा पठाउने |
| ४. | २०७६-०५-२० | प्रथम वर्षको परियोजना कार्यको Viva सम्पन्न गर्ने |
| ५. | २०७६-०७-२९ | नयाँ प्रथम वर्षका विद्यार्थीहरूलाई अभिमुखीकरणमा सहभागी गराउने |
| ६. | २०७६-०८-२९ | अध्ययन अवलोकन भ्रमण गराउने |
| ७. | २०७६-०९-२५ | प्रथम वर्षको प्रयोगात्मक परीक्षा तथा खेलकुद कार्यक्रममा सहभागी गराउने |
| ८. | २०७६-११-३० | दोस्रो वर्षको नतिजा विश्लेषण र विविध |

## ४) विभागका सबल पक्षहरू

- वार्षिक कार्य योजनामा आधारित पठनपाठन र गतिविधिहरू
- नियमित रूपमा विभागको बैठक बसी पठनपाठनको सामयिक समीक्षा
- समय समयमा विद्यार्थीहरूलाई अध्ययन, अवलोकन र अनुसन्धान भ्रमणको व्यवस्था
- वार्षिक परीक्षाको नतिजापश्चात् नतिजा विश्लेषण र पृष्ठपोषण दिइने

- लघु अध्ययन अनुसन्धानमा सक्रियता
- परीक्षामुखी विशेष कक्षाहरूको व्यवस्था
- प्राध्यापकहरूमा सामूहिक उत्तरदायित्वको भावना
- जीवनोपयोगी र मूल्य मान्यतामा आधारित कक्षाको व्यवस्था तथा आवधिरूपमा योगा र ध्यान कक्षाको व्यवस्था भएको
- समुदाय र बजार क्षेत्रमा अभियानको रूपमाआयोजना हुने चेतनामूलक र सामाजिक कार्यक्रमहरूमा विद्यार्थीहरूमा सक्रिय सहभागिता ।

**५) विभागका समस्या र चुनौतिहरू**


- विभागीय कक्षलाई समयसापेक्षरूपमा सुविधाहरू थपेर स्तर उन्नति गर्न नसक्नु
- यस सङ्कायको अध्यापन गरिने हरेक कक्षा कोठामा Power Point Projector सेट गर्न नसक्नु
- विद्यार्थीहरूका लागि सुविधा सम्पन्न र प्रभावकारी इन्टरनेट सेवा प्रवाह गर्न नसक्नु
- विद्यार्थीहरूको अनुसन्धानात्मक कार्यमा न्यून सहभागिता रहनु
- आन्तरिक परीक्षामा विद्यार्थीहरूको उपस्थिति न्यून हुनु
- कक्षा छाड्ने दरलाई योजना अनुरुप न्यूनीकरण गर्न नसक्नु
- उत्पादित जनशक्तिलाई उपर्युक्त रोजगारीमा लगाउन नसक्नु
- विद्यार्थीहरूलाई कक्षामा नियमित गराउन नसक्नु
- पर्याप्त मात्रामा सन्दर्भसामग्री उपलब्ध गराउन नसक्नु
- विभागमा कार्यरत प्राध्यापकहरूलाई विषयगत रूपमा पुनर्ताजगी तालिमको व्यवस्था नहुनु ।

**६) समाधानका उपायहरू**

- यस सङ्कायमा विद्यार्थीहरूको संख्या वृद्धि गर्न पाठ्यक्रमलाई सामयिक रूपमा व्यवहारिक र वैज्ञानिक बनाइनु पर्ने
- विभागमा कार्यरत प्राध्यापकहरूलाई विषयगत रूपमा पुनर्ताजगी तालिमको व्यवस्था हुनु पर्ने
- पुस्तकालयमा पर्याप्त विषयगत तथा सन्दर्भगत पुस्तकहरूको व्यवस्था गर्नु पर्ने
- विद्यार्थीको कक्षा छाड्ने दरलाई कम गर्न व्यवहारिक कदम चाल्नु पर्ने
- समयानुकूल व्यवहारोपयोगी र जीवनोपयोगी शिक्षाको व्यवस्था हुनु पर्ने
- नतिजा विश्लेषण अभिभावकको रोहबरमा हुनु पर्ने
- विभागीय कार्यालयलाई स्तर उन्नति गर्ने तथा अन्य आधारभूत संरचनालाई स्तरीय, गुणात्मक र दिगो बनाउनु पर्ने

- OHP को सेवा अन्य कक्षाकोठामा समेत विस्तार गरी सहज किसिमले द्रुत गतिमा चल्ने इन्टरनेट सेवाको उपलब्धता
- कासमुका आधारमा प्राध्यापकहरूलाई पुरस्कृत वा बढुवाको व्यवस्था गर्नु पर्ने
- कमजोर तथा अनुपस्थित विद्यार्थीहरूलाई अनिवार्य रूपमा अतिरिक्त कक्षामा सामेल गराउनु पर्ने
- विभागीय गतिविधिमा क्याम्पस प्रमुखबाट नियमित अनुगमन गरी पृष्ठपोषण प्रदान गर्नुपर्ने ।

अन्तमा, मानविकी विभाग मन्थली सहिद स्मृति बहुमुखी क्याम्पसको हालसम्म सबैभन्दा बढी स्नातकोपाधि प्रदान गर्ने तथा हालको अवस्थामा समेत सबैभन्दा धेरै विद्यार्थी संख्या भएको विभागको रूपमा रहेको छ । स्नातक तहसम्मको शिक्षा प्रदान गरी विद्यालय तहका लागि आवश्यक पर्ने आधुनिक जनशक्ति आपूर्ति गर्ने कार्यमा यस विभाग निरन्तर रूपमा क्रियाशील रही सेवा प्रवाह गरिरहेको छ ।



(स्नातक तहमा अध्ययनरत तथा प्राध्यापनरत विद्यार्थी तथा प्राध्यापकहरूको अध्ययन अवलोकन भ्रमण)

# व्यवस्थापन विभाग

## वार्षिक प्रतिवेदन - २०७६/७७

• दिनेशकुमार कार्की

प्रमुख, व्यवस्थापन विभाग

### १) पृष्ठभूमि

'Learning Today ... Leading Tomorrow.' भन्ने मूल नारासहित गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यका साथ रामेछाप जिल्लाको सदरमुकाम मन्थलीमा वि.सं. २०५७ सालमा स्थापना भई निरन्तर रूपमा दक्ष शैक्षिक जनशक्ति उत्पादन गर्दै आएको यस मन्थली सहिद स्मृति बहुमुखी क्याम्पसमा २०६४ सालमा त्रिविबाट व्यवस्थापन सङ्काय अन्तर्गत BBS को सम्बन्ध प्राप्त गरी सो विषयको कक्षाहरू सञ्चालन हुँदै आइरहेको छ । यस जिल्लाबाट उच्च शिक्षा हासिल गर्न राजधानी काठमाडौं नै धाउनु पर्ने र आर्थिक अवस्था कमजोर भएका विद्यार्थीहरूका लागि यो क्याम्पस गन्तव्य बनेको छ साथै यो क्याम्पसलाई QAA Certificate प्राप्त भइसकेको छ । यस क्याम्पसबाट उत्पादित जनशक्तिहरू विभिन्न क्षेत्रमा खपत भइरहेका छन् । यस वर्षको वार्षिक परीक्षाको नतिजामा विगतका वर्षहरूमा भन्दा उल्लेखनीय प्रगति हासिल गरेको र आगामी वर्षहरूमा व्यवस्थापन सङ्कायको विद्यार्थी उत्तीर्ण दर अझ वृद्धि हुने देखिन्छ ।

### २) व्यवस्थापन विभागमा कार्यरत प्राध्यापकहरूको विवरण

| क्र.सं. | पद | नामथर | योग्यता |
|---|---|---|---|
| १. | विभागीय प्रमुख | दिनेशकुमार कार्की | MBS |
| २. | सदस्य | शम्भु श्रेष्ठ | MBS |
| ३. | सदस्य | हरिविक्रम बुढाथोकी | MBS |
| ४. | सदस्य | ऋषि कार्की | M.Ed. |
| ५. | सदस्य | सुमन श्रेष्ठ | M.Ed. |
| ६. | सदस्य | निरज झा | MBS |
| ७. | सदस्य | सञ्जीव श्रेष्ठ | MBS |
| ८. | सदस्य | रिता दाहाल | M.Ed. |
| ९. | सदस्य | प्रदीपराज सुवेदी | M.Ed. |
| १०. | सदस्य | बद्रीप्रसाद अधिकारी | MA |

## ३) विभागीय बैठक तथा निर्णयहरू

व्यवस्थापन विभागअन्तर्गत २०७६/७७ सालमा विभिन्न बैठकहरू बसी शिक्षण सिकाइलाई उपलब्धिपूर्ण बनाउनका लागि निम्नानुसार निर्णय भएका छन् :

| क.सं. | मिति | मुख्य निर्णयहरू |
|---|---|---|
| १. | २०७६-०५-०४ | व्यवस्थापन सङ्कायको पाठ्यक्रममा सुधार गर्नुपर्ने विभिन्न विषयहरू माथिछलफल गरी त्रि.वि.पाठ्यक्रम विकास केन्द्रमा सुझावहरू पठाउने सम्बन्धी। |
| २. | २०७६-०६-०१ | दसैं तथा तिहार विदाको लागि विद्यार्थीहरूलाई विषयगत रूपमा Homework तथा Project Work का प्रश्नावली तया पारी विद्यार्थीहरूलाई प्रदान गर्ने सम्बन्धी। |
| ३. | २०७६-०८-०१ | QAA Followup Visit का लागि सम्पूर्ण प्राध्यापकहरूले आआफ्नो पदीय जिम्मेवारी सक्रिय रूपमाजनाउने सम्बन्धी। |
| ४. | २०७६-१०-१२ | क्याम्पस सभाका लागि प्रतिवेदन तयार पार्ने सम्बन्धी। |
| ५. | २०७६-११-१६ | BBS चौथो वर्षको Project Report सम्बन्धी । |
| ६. | २०७७-०१-१४ | Online Class सञ्चालन सम्बन्धमा Virtual Meeting बाट कक्षा सञ्चालन सम्बन्धी |

## ४) व्यवस्थापन विभागको विभागीय गतिविधि

- विद्यार्थीहरू छनोट गरी नियमित रूपमा व्यवहारिक तालिम (Internship) का लागि बैंक तथा वित्तीय संस्थाहरूमा पठाइएको।
- कमजोर विद्यार्थीहरूका लागि Remedial Class हरू सञ्चालन गरिएको।
- क्याम्पसले सञ्चालन गरेको बिभिन्न अतिरिक्त क्रियाकलाप तथा खेलकुदमा यस विभाग अर्न्तगतका विद्यार्थीहरूलाई सक्रिय रूपमा सहभागी गराइएको।
- Guest Lecturer हरूद्वारा विभिन्न विषयमा प्रबोधीकरण कक्षाहरू सञ्चालन गरिएको।
- विद्यार्थीहरूलाई Meditation तथा Motivation कक्षाहरूमा सहभागी गराइएको।
- विश्वव्यापी महामारीको रूपमाफैलिएको कोरोना भाइरस (कोभिड-१९) को प्रभावका कारणनियमित कक्षाहरू सञ्चालन हुन नसकेको अवस्थामा Online/Virtual कक्षाहरू सञ्चालन गरिएको।

## ५) व्यवस्थापन विभागका सबल पक्षहरू

- वार्षिक कार्ययोजना अनुरूप शैक्षिक क्रियाकलापहरू सञ्चालन।
- प्रध्यापकहरूमा लगनशीलता तथा जिम्मेवारी बोध।
- Team Sprit अनुसार काम सञ्चालन हुनु।
- विद्यार्थीहरूका लागि व्यावहारिक तालिम (Internship) को व्यवस्था।
- अध्ययन अवलोकन भ्रमण ( Study Visit) को व्यवस्था।
- विद्यार्थीहरूको क्षमता पहिचान गरी आवश्यकता अनुसार Remedial Class को व्यवस्था।

## ६) व्यवस्थापन विभागका समस्या तथा चुनौतिहरू

- विश्वव्यापी महामारीको रूपमाफैलिएको कोरोना भाइरसको प्रभाव यस क्याम्पसका विद्यार्थी तथा अध्यापकज्यूहरूमा अप्रत्यक्ष रूपमापरेका कारण मानसिक रूपमातनाव झेल्नु परेको छ।

- त्रिभुवन विश्वविद्यालयको निर्देशन बमोजिम Online Class सञ्चालन गर्न प्राविधिक तथा मानवीय समस्या रहेको ।
- विद्यार्थीहरूलाई कक्षाकोठामा नियमित गर्न नसक्नु ।
- आन्तरिक परीक्षामा विद्यार्थीहरूको उपस्थिति न्यून हुनु ।
- Drop out विद्यार्थीहरूको सङ्ख्या कम गर्न नसक्नु ।

## ७) व्यवस्थापन विभागको आगामी वार्षिक शैक्षिक कार्यक्रमहरू

| | |
|---|---|
| **वैशाख** | - स्नातक तहको दोस्रो आन्तरिक परीक्षा सञ्चालन, नतिजा प्रकाशन, पृष्ठपोषण र विश्लेषण<br>- BBS 4th Year को परियोजना कार्य |
| **जेष्ठ** | - BBS 4th Year को परियोजना कार्यको Final Report पनिका पठाउने । |
| **असार** | -BBS 4th Year अभिमुखीकरण कक्षा, विषय छनोट तथा कक्षा शुरू । |
| **भदौ** | - BBS 3rd Year अभिमुखीकरण कक्षा तथा कक्षा शुरू । |
| **असोज** | - BBS 2rd Year अभिमुखीकरण कक्षा तथा कक्षा शुरू । |
| **मंसीर** | - BBS 1st Year भर्ना अभियान, प्रवेश परीक्षा, नतिजा प्रकाशन, भर्ना, अभिमुखीकरण र कक्षा सञ्चालन<br>- BBS 4th Year लाई Project Work सम्बन्धी Orientation.<br>- प्रविधिमैत्री शिक्षण सिकाइ क्रियाकलाप अगाडि बढाउनका लागि प्राध्यापक तथा विद्यार्थीहरूलाई प्रशिक्षण गर्ने । |
| **पुस** | - BBS 1st Year का विद्यार्थीहरूलाई स्वागत् कार्यक्रम<br>- बैंक तथा वित्तीय संस्थाहरूमा Internship का लागि Orientation कक्षा<br>- व्यवस्थापन विभागको शैक्षिक भ्रमण |
| **माघ** | - प्रथम आन्तरिक परीक्षा सञ्चालन, नतिजा प्रकाशन, पृष्ठपोषण र विश्लेषण |
| **फागुन** | - BBS 4th Year अध्ययनरत विद्यार्थीहरूको विदाइ कार्यक्रम ।<br>- हरेक महिनाको अन्तिम हप्ता सङ्कायगत बैठक हुने<br>- त्रि. वि.क्यालेण्डर अनुरूप वार्षिक परीक्षा समाप्त भएको २ हप्तापछि पढाइ शुरू हुने<br>- त्रि. वि.बाट वार्षिक परीक्षाको नतिजा प्रकाशन भएको १ हप्ताभित्र नतिजा विश्लेषण गरी Remedial Class शुरू हुनेछ ।<br>- अन्य वार्षिक क्रियाकलापहरू त्रि.वि.को वार्षिक क्यालेण्डर र सूचना अनुरूप सञ्चालन गरिनेछ । |

## ८) सुझावहरू

- विद्यार्थीहरूलाई नियमित उपस्थित गराउने उपायहरूको खोजी गर्नु पर्ने ।
- आन्तरिक परीक्षामा उपस्थिति अनिवार्य तथा व्यवस्थित गर्नु पर्ने ।
- विभागकासम्पूर्ण क्रियाकलापहरूमा क्याम्पस प्रशासनबाट नियमित रूपमा अनुगमन हुनु पर्ने ।
- अनुशासन र गुणस्तर वृद्धि गर्न Quality Management Circle गठन गर्नु पर्ने ।

- प्रत्येक Final Exam को Result पश्चात् Result Analysis गरी कमी कमजोरीहरू पहिचान गरी सुधारात्मक कदम चाल्नु पर्ने ।
- प्रविधिमैत्री शिक्षण सिकाइ क्रियाकलाप अगाडि बढाउनका लागि प्राध्यापक तथा विद्यार्थीहरूलाई प्रशिक्षण गर्नु पर्ने ।
- Online Class सञ्चालन गर्नका लागि आवश्यक स्रोत साधनको व्यवस्था गर्नु पर्ने ।



(मन्थली क्याम्पसमा अध्ययनरत विद्यार्थी तथा प्राध्यापनरत प्राध्यापकहरू)

# Research Management Cell

- भरतकुमार श्रेष्ठ

**प्रमुख, RMC**

## १) परिचय

मन्थली सहिद स्मृति बहुमुखी क्याम्पसमा विद्यार्थी तथा प्राध्यापकहरूलाई अनुसन्धान कार्यमा क्रियाशील बनाउने उद्देश्यले क्याम्पसमा प्राध्यापनरत प्राध्यापकहरू तथा प्रशासनिक कर्मचारी मध्येबाट तपसिल बमोजिमका व्यक्तिहरू रहनु भएको एक रिसर्च म्यानेजमेन्ट सेल गठन गरिएको छ ।

| | | |
|---|---|---|
| संयोजक | : | भरतकुमार श्रेष्ठ |
| सदस्य | : | नारदकुमार थापा |
| सदस्य | : | दिनेशकुमार कार्की |
| सदस्य | : | बद्रीप्रसाद अधिकारी |
| सदस्य | : | पेशल आचार्य |
| सदस्य | : | शिवप्रसाद सुवेदी |
| सदस्य सचिव | : | खेचबहादुर खड्का |

## २) रिसर्च म्यानेजमेन्ट सेलले हालसम्म गरेका गतिविधिहरू

- क्याम्पसमा अध्ययनरत विद्यार्थीहरू तथा प्राध्यापकहरूलाई अनुसन्धान कार्यमा सरिक हुन विभिन्न विषयहरू तोकी प्रेरित गरिएको ।
- विद्यार्थीहरू तथा प्राध्यापकहरूको लागि लघु अनुसन्धानको लागि ढाँचा तयार पारिएको ।
- प्राध्यापकहरूलाई अनुसन्धान कार्यमा थप टेवा पुऱ्याउन अनुसन्धान विशेषज्ञद्वारा कार्यशाला सञ्चालन ।
- प्राध्यापकहरूको अनुसन्धानमूलक लेख रचनाहरू समेटिएको 'धरोहर' वार्षिक स्मारिका निरन्तर प्रकाशन गरिएको ।
- विद्यार्थीहरूको सिर्जनात्मक क्षमता अभिवृद्धि गर्न लेख रचनाहरू समेटिएको 'नवोदित' त्रैमासिक पत्रिकामा लेख रचना प्रकाशित गर्ने प्राध्यापकहरूलाई प्रति लेख रू.१०००/- दिने निर्णय गरिएको ।
- 'धरोहर' वार्षिक मुखपत्रमा अनुसन्धानमूलक लेख रचना प्रकाशन गरेबापत रू.२५००/- दिने निर्णय गरिएको ।
- अनुसन्धानमा सङ्लग्न प्राध्यापकहरूलाई प्रोत्साहन स्वरूप रू.५,०००/- उपलब्ध गराउने निर्णय गरिएको ।
- एम्.फिल्.तथा पी.एच्.डी. गर्न चाहने प्राध्यापकहरूलाई प्रस्ताव पास भएपछि क्रमशः रू.३०,०००/- र रू.५०,०००/- उत्प्रेरणा स्वरूप दिने निर्णय गरिएको ।
- अनुसन्धानमूलक जर्नल प्रकाशन गर्न प्रा.डा.जयराज अवस्थीद्वारा तीन दिवसीय कार्यशाला गोष्ठी सञ्चालन गरिएको ।

- क्याम्पसको वार्षिक कार्यक्रम अन्तर्गत '२०७६ मा उत्पादित जनशक्ति र त्यसको उचित व्यवस्थापन' सम्बन्धी शीर्षकमा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको ।
- अन्तर क्याम्पस कार्यक्रम अन्तर्गत सिन्धुली बहुमुखी क्याम्पसमा सम्पन्न भएको 'अनुसन्धानमूलक लेखरचना लेखन' कार्यशालामा यस क्याम्पसमा प्राध्यापनरत प्राध्यापकहरू सहभागी हुनु भएको ।

**३) समस्या तथा चुनौतिहरू**

- अनुसन्धान व्यवस्थापन एकाईलाई क्रियाशील बनाउन नसक्नु ।
- छात्रछात्राहरूलाई परियोजना कार्य र शोधकार्य जस्ता प्रयोगात्मक कार्यहरूमा क्रियाशील बनाउन नसक्नु ।
- अनुसन्धान व्यवस्थान इकाईले पर्याप्त बजेटका अभावमा कार्यक्रमहरू सञ्चालन गर्न नसक्नु ।
- अध्यापकहरूलाई वृत्ति विकासका लागि अनुसन्धान कार्यमा अभिप्रेरित गर्न नसक्नु ।

**४) समाधानका उपायहरू**

- अनुसन्धान व्यवस्थापन इकाईलाई समय सापेक्ष क्रियाशील बनाइनु पर्ने ।
- छात्रछात्राहरूलाई विषयगत रूपमापरियोजना कार्य र शोध कार्यमा क्रियाशील बनाउन अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नु पर्ने ।
- अध्यापकहरूलाई अनुसन्धान कार्यका लागि उत्प्रेरणात्मक प्याकेजको व्यवस्था गर्नु पर्ने ।
- जर्नल प्रकाशनलाई नियमितता दिई अनुसन्धानमूलक बनाउनका लागि सामयिक तालिम र सेमिनारको व्यवस्था गर्नु पर्ने ।

# अतिरिक्त क्रियाकलाप विभाग

वार्षिक प्रतिवेदन -२०७६/७७

● प्रदीपराज सुवेदी
प्रमुख, अतिरिक्त क्रियाकलाप

## १) पृष्ठभूमि

विद्यार्थीहरूको अन्तर्निहित प्रतिभा प्रष्फुटन गर्ने अभिप्रायले क्याम्पसमा कार्यरत तपसिलका प्राध्यापकहरू रहनु भएको अतिरिक्त क्रियाकलाप विभाग गठन गरिएको छ । पढाइभन्दा पनि सिकाइमा जोड दिने अभिप्रायले 'Learning by Doing' को सिद्धान्त अनुसार कक्षाकोठाभित्र सीमित गरेर मात्र सिकाइ पूर्ण नहुने भएकाले अतिरिक्त क्रियाकलाप मार्फत् क्याम्पसभित्र र बाहिर समेत सिकाइको अथाह सम्भावना रहने भएकाले विगत लामो समयदेखि हामीले त्यसै अनुरूप शैक्षिक तथा अतिरिक्त क्रियाकलाप गर्ने गराउने गरेका छौं ।

## २) अतिरिक्त क्रियाकलाप समिति

| क्र.सं. | पद | नामथर |
|---|---|---|
| १. | संयोजक | प्रदीपराज सुवेदी |
| २. | सदस्य | भरतकुमारश्रेष्ठ |
| ३. | सदस्य | शम्भु श्रेष्ठ |
| ४. | सदस्य | तीर्थराज बराल |
| ५. | सदस्य | रीता दाहाल |
| ६. | सदस्य | खेचबहादुर खड्का |

## ३) वार्षिक कार्यहरू

अतिरिक्त क्रियाकलापलाई सफलतापूर्वक सञ्चालान गर्न विभिन्न समूहहरूको साथसहयोग लिने गरिएको छ । यसका सशक्त अङ्गहरूको रूपमा युवा रेडक्रस सर्कल,स्वतन्त्रविद्यार्थी युनियन आदिको सहयोगमा विविध रचनात्मक, सिर्जनात्मक, प्रबर्धनात्मक र सेवामूलक कार्य तथा प्रतियोगिताहरू प्रायः हरेक महिनामा यस समितिले विभिन्न बौद्धिक, शारीरिक तथा सिर्जनात्मक कार्यक्रमहरू गराउँदै आएको छ । क्याम्पसको वार्षिक शैक्षिक क्यालेन्डरमा मासिक कार्यक्रमहरूको विवरणको तालिका प्रस्तुत गरी तिनलाई कार्यान्वयनमा पनि ल्याइएको छ । यस अतिरिक्त वार्षिकोत्सवका सन्दर्भमा गरिने आन्तरिक तथा वाह्य कार्यक्रमहरू हुने गरेका छन् । जिल्ला स्तरीय प्रतियोगिताहरूमा पनि विभिन्न प्रतियोगिताहरूमा सक्रिय सहभागिता गराई कतै उत्कृष्ट सहभागिता र प्रायः उत्कृष्ट नतिजा प्राप्त गरिरहेका छन्।

प्रस्तुत प्रतिवेदन शैक्षिक वर्ष २०७६/०७७ को उपलब्धिमा मात्र केन्द्रित रहेको हुँदा यसमा सोही शैक्षिक वर्षका अतिरिक्त कार्यकलापका गतिविधिहरू मात्र प्रस्तुत गरिएको छ । विविध कार्यकलाप सम्पन्न

गर्न अतिरिक्त क्रियाकलाप विभागको बैठक २०७६ साउन २४ गते शुक्रबारका दिनबसेको बैठकको निर्णयानुसार निवन्ध लेखन प्रतियोगिता सम्पन्न गरिऐको थियो ।

यस विभागको अर्को बैठक २०७६ असोज १० गते शुक्रबार दसैं विशेष साँस्कृतिक कार्यक्रम गर्ने निर्णय भएअनुसार नै उल्लिखित मिति र समयमा स्थानीय कलाकारको समेत समुपस्थितिमा व्यापक साँस्कृतिक कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा विजयी बन्न सफल तथा अधिल्लो निबन्ध लेखन प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय स्थान हाँसिल गर्न सफल सबै विद्यार्थीहरूलाई सोही दिन क्याम्पस सञ्चालक समितिका अध्यक्ष श्री रामचन्द्र वियोगीबाट पुरस्कार तथा प्रमाण-पत्र वितरण गरिएको थियो ।

यस विभागको अर्को बैठक २०७६ मङ्सिर ०६ गतेका दिन 'सामाजिक एकता सुदृढीकरणमा युवा विद्यार्थीको भूमिका' शीर्षकमा वक्तृत्वकला प्रतियोगिता आयोजना सम्पन्न गरियो । यो कार्यक्रममा विभिन्न प्रतियोगिताहरूमा प्रथम, द्वितीय तृतीय र सान्त्वना स्थान प्राप्त गर्न सफल विद्यार्थीहरूलाई पुरस्कृत गरिएको थियो।

२०७६ फाल्गुण १ देखि ७ गतेसम्म सञ्चालित सप्ताहव्यापी खेलकुद प्रतियोगितामा सहभागी भएर विजेता भएका खेलाडीहरूलाई समितिको निर्णयानुसार क्याम्पस सञ्चालक समितिका अध्यक्ष श्री रामचन्द्र वियोगीज्यू को प्रमुख आतिथ्यतामा पुरस्कार स्वरूप प्रमाण-पत्र र मेडल वितरण गर्ने निर्णयस्वरूप सो कार्य समापन गरियो । यस अन्तर्गत मुख्य खेल भलिबल प्रतियोगिता अन्तर्गत :

| पुरुषतर्फ | महिलातर्फ |
| --- | --- |
| **प्रथमः** व्यवस्थापन सङ्काय | **प्रथमः** शिक्षाशास्त्र सङ्काय |
| **द्वितीय** : शिक्षाशास्त्र सङ्काय | **द्वितीयः** मानविकी सङ्काय |
| **तृतीयः** मानविकी सङ्काय | **तृतीयः** व्यवस्थापन सङ्काय |

यसका साथै अन्य खेलकुद कार्यक्रम अन्तर्गत भएका खेलहरू दौड प्रतियोगिता (१०० मि. र २०० मि.), सटपट, ब्याडमिन्टन, Eating Competition, को नतिजा सम्बन्धित विभागमा सुरक्षित रहेको छ ।

क्याम्पस सञ्चालक समिति तथा स्टाफ बैठकले निर्णय गरे बमोजिम नै गरिने सम्पूर्ण आन्तरिक तथा वाह्य प्रतियोगिताहरूमा सबै अतिरिक्त क्रियाकलाप विभागका पदाधिकारीहरू सक्रिय हुने एवम् यसमा अन्य सम्पूर्ण प्राध्यापक तथा कर्मचारीहरूलाई पनि अनिवार्य उपस्थिति हुनु पर्ने निर्णय भएकाले पठनपाठनमा जोड दिनै पर्ने परिस्थिति सिर्जना गर्दा सो बीचमा कुनै कार्यक्रम भएनन् ।२०७६चैत्र०५ गते अन्तर सङ्कायगत हाजिरिजवाफ प्रतियोगिता कार्यक्रम सम्पन्न गरियो ।

यसका साथै युवा रेडक्रस सर्कलको समन्वयमा 'विविध विपद् प्रतिकार्य तालिम'मा सहभागीभई यहाँका विद्यार्थीहरूलाई त्यस्ता तालिम दिने मात्र नभई यु.रे.स.को र स्व.वि.यूको समेत सक्रिय सहभागितामा सामुदायिक स्वास्थ्यसेवा सम्बन्धी संचेतनामूलक कार्यक्रम, रक्तदान कार्यक्रम, बजार सरसफाइ अभियान **'भूकम्प जानुअघि र गइसकेपछि अपनाउनु पर्ने कार्यहरूको बारेमा भूमिका अभिनय विधिद्वारा संचेतना कार्यक्रम'** जस्ता विविध कार्यक्रमहरूको नेतृत्व अतिरिक्त क्रियाकलाप समितिले गर्दै आएको छ।

अन्त्यमा, अतिरिक्त क्रियाकलाप अन्तर्गतका विविध गतिविधिहरू आगामी वर्षहरूमा पनि सामयिक तथा थप सुधार गरी व्यवस्थित ढङ्गले विद्यार्थीहरूको शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक र आध्यात्मिक विकास गर्ने ध्येयले थप प्रभावकारी बनाउँदै अगाडि बढाउने प्रतिबद्धता व्यक्तगर्दछौं । विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को कारणले गर्दा सरकारले नै २०७६ चैत्र ११ गतेबाट २०७७ श्रावण ७ गतेसम्म बन्दाबन्दी घोषणा भएको कारणले गर्दा क्याम्पसले Online Class को व्यवस्था गरेपनि भौतिक उपस्थितिको सम्भव नभएकाले सो समयमा कुनै पनि अतिरिक्त क्रियाकलाप सम्बन्धि गतिविधि सञ्चालन हुन नसकेकोमा क्षमाप्रार्थी छौं ।

## ५) समस्या तथा चुनौतिहरू

- क्याम्पसमा अध्ययनरत सबै छात्रछात्राहरूलाई क्रियाकलापहरूमा सहभागी गराउन नसक्नु,
- वार्षिक क्यालेण्डर अनुसार कार्यक्रम सञ्चालनमा ढिलासुस्ती हुनु,
- खेलप्रति विद्यार्थीहरूको अभिरूचि कम हुनु,
- खेल मैदानको यथोचित प्रबन्ध नहुनु ।

## ६) समाधानका उपायहरू

- सबै छात्रछात्राहरूलाई विभिन्न खेलमा सहभागी गराउनका लागि उत्कृष्ट विद्यार्थीहरूलाई छात्रवृत्ति र प्रयोगात्मक कार्यसँग जोडेर उत्प्रेरित गर्नु पर्ने
- शैक्षिक क्यालेण्डर अनुरूप समयमै खेलकुद र अन्य अतिरिक्त क्रियाकलापका प्रतियोगिताहरू सञ्चालन गर्नु पर्ने
- विद्यार्थी संख्याका आधारमा सबै प्रकारका In Door Out Door खेल प्रतियोगिता र अतिरिक्त क्रियाकलापका कार्यकलाप तथा लोक सेवा आयोगसँग जोडेर प्रतियोगिताहरू आयोजना गर्नु पर्ने
- पर्याप्त खेल मैदानको व्यवस्था र आर्थिक प्रबन्ध हुनु पर्ने ।

# Health and First Aid Unit

• भरतकुमार श्रेष्ठ
प्रमुख, स्वास्थ्य तथा प्राथमिक उपचार एकाइ

## १) परिचय

मन्थली सहिद स्मृति बहुमुखी क्याम्पसमा विद्यार्थी, प्राध्यापक तथा कर्मचारीहरूको सम्पूर्ण स्वास्थ्य अवस्थालाई मध्यनजर गरी क्याम्पसमा उपस्थिति रहेको अवस्थामा स्वास्थ्य सम्बन्धी समस्या भएमा प्राथमिक उपचार गर्न Health and First Aid Unitस्थापना गरिएको छ। Health and First Aid Unit लाई व्यवस्थित गर्न तपसिल बमोजिमका व्यक्तिहरू रहनु भएको एक Health and First Aid समिति गठन गरिएको छ

| | |
|---|---|
| संयोजक | : भरतकुमार श्रेष्ठ |
| सदस्य | : दिनेशकुमार कार्की |
| सदस्य | : प्रदीपराज सुवेदी |
| सदस्य | : रीता दाहाल |

## २) Health and First Aid Unit ले हालसम्म गरेका गतिविधिहरू

➤ क्याम्पसमा अध्ययनरत विद्यार्थीहरू तथा प्राध्यापकहरूको स्वास्थ्यलाई मध्यनजर गरी Health and First Aid Unitद्वारा प्राथमिक उपचार दिने गरेको।

➤ क्याम्पसमा अध्ययनरत छात्राहरूको लागि क्याम्पसमा मेन्सुरेसन भएमा आवश्यक स्यानिटरी प्याडको व्यवस्था गरिएको।

➤ क्याम्पसमा अध्ययनरत विद्यार्थीहरू, प्राध्यापकहरू तथा कर्मचारीहरू अचानक बिमारी परेमा रेस्ट गर्न बेडको व्यवस्था गरिएको।

➤ क्याम्पसमा अध्ययनरत विद्यार्थीहरू, प्राध्यापकहरू तथा कर्मचारीहरू अचानक बिमारी परेमा प्राथमिक उपचार गर्दा निको नभए अस्पताल लानका लागि नेपाल रेडक्रस सोसाइटी, रामेछापबाट स्टेचरको व्यवस्था मिलाइएको।

➤ यस क्याम्पसमा अध्ययनरत १९२ जना विद्यार्थीहरूको स्वतन्त्र विद्यार्थी युनियन र प्राथमिक स्वास्थ्य केन्द्र, मन्थलीको सहयोगमा मिति २०७४-१२-०९ मा रक्त समूह परीक्षण कार्यक्रम गरिएको।

➤ यस क्याम्पसमा नेपाल रेडक्रस सोसाइटी, रामेछापको सहयोगमा मिति २०७६-१०-०९ मा रक्त दान कार्यक्रम आयोजना गरिएको जसमा १० जना विद्यार्थीहरूले रक्तदान गरेका थिए।

## ३) समस्या तथा चुनौतिहरू

- क्याम्पसमा स्वास्थ्य तथा प्राथमिक उपचारका लागि छुट्टै जनशक्ति नहुनु।
- विद्यार्थीहरूको संख्याको आधारमा पर्याप्त प्राथमिक उपचारका सामग्रीहरू नहुनु।

## ४)समाधानका उपायहरू

- क्याम्पसमा स्वास्थ्य तथा प्राथमिक उपचारको छुट्टै जनशक्तिको लागि बजेटको व्यवस्थापन गर्ने।
- आवश्यकतानुसार प्राथमिक उपचारका सामग्रीहरूको लागि बजेट व्यवस्थापन गर्नु पर्ने।

# Counselling and Placement Cell

• गुञ्जबहादुर श्रेष्ठ

संयोजक

## Counselling and Placement Cell

### १) परिचय

मन्थली सहिद स्मृति बहुमुखी क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूको व्यक्तिगत, पारिवारिक, सामाजिक तथा मानोवैज्ञानिक समस्याहरूलाई समाधान गर्न व्यक्तिगत एवम् समूहगत रूपमा परामर्श गर्नुका साथै उनीहरूलाई यस क्याम्पसमा अध्ययन पूरा गरिसकेपछि रोजगारीको लागि सहजीकरण गर्न तपसिल बमोजिमका व्यक्तिहरू रहनु भएको एक Councelling and Placement Cellगठन गरिएको छ ।

| | |
|---|---|
| संयोजक | : गुञ्जबहादुर श्रेष्ठ |
| सदस्य | : टंकप्रसाद दाहाल |
| सदस्य | : भरतकुमार श्रेष्ठ |

### २) Counselling and Placement Cell **ले हालसम्म गरेका गतिविधिहरू**

➢ मन्थली सहिद स्मृति बहुमुखी क्याम्पसमा स्नातक तह तृतीय वर्षमा अध्ययरत विद्यार्थीहरूलाई रोजगारमूलक बनाउनका लागि बीएड्का विद्यार्थीहरूका लागि शिक्षाविद् एवम् जिल्ला शिक्षा कार्यालयसँग समन्वय गरी विज्ञहरूद्वारा सहजीकरण गरिएको ।

➢ बीबीएस्का विद्यार्थीहरूका लागि बैंक तथा वित्तीय संस्थाका प्रमुखहरूसँग परामर्श गरी सम्बन्धित विषयका विशेषज्ञहरूद्वारा निरन्तर प्रशिक्षण गर्ने गरिएको । साथै बीएमा अध्ययनरत विद्यार्थीहरूको लागि लोक सेवा आयोग, गैर सरकारी संस्थाका प्रमुखहरूसँग समन्वय गरी विशेषज्ञ झिकाई प्रशिक्षण दिइएको ।

➢ यस क्याम्पसमा अध्ययनरत स्नातक तथा स्नातकोत्तर तह अन्तिम वर्षमा अध्ययनरत विद्यार्थीहरूलाई आफ्नो सङ्काय तथा विषय अनुसार सम्बन्धित क्षेत्रमा रोजगारीको अवसर हुन सक्ने बारेमा विषय विज्ञद्वारा नियमित रूपमा अभिमुखीकरण गरिएको ।

➢यस क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूमध्ये फरक क्षमता भएका विद्यार्थीहरूको पहिचान गरी उनीहरूलाई शिक्षण सिकाइको सन्दर्भमा परेको समस्याको विश्लेषण गरी सोहीअनुरूप परामर्श गर्ने गरिएको ।

➢यस क्याम्पसमा अध्ययनरत मानविकी, शिक्षा तथा वाणिज्य सङ्कायमा अध्ययनरत हरेक वर्षका विद्यार्थीहरूलाई समयानुकूल हुने गरी स्वस्थ्यपूर्ण जीवन शैली, विद्यार्थी जीवनमा तनाव मुक्त अवस्था, सकारात्मक सोच विकास, नैतिक मूल्यमा आधारित शिक्षा र ध्यान विषयक मोटिभेसन प्रशिक्षण निरन्तर रूपमागर्ने गरिएको ।

➢ यस क्याम्पसमा अध्ययन गरेका विद्यार्थीहरूको रोजगारी सुनिश्चितताका लागि जिल्लामा रहेका विभिन्न सरकारी, गैर सरकारी संघसंस्था, शिक्षण संस्था, स्थानीय निकाय, बैंक तथा वित्तीय संस्थाहरूसँग समन्वय गरी उत्पादित जनशक्ति व्यवस्थापनका लागि पहल गरिएको ।

➢ नेपाल सरकार र विभिन्न संघ संस्थाहरूबाट प्रकाशित विज्ञापनहरूलाई सूचना पाटीमा टाँस गरी विद्यार्थीहरूलाई जानकारी गर्ने गरिएको ।

### ३) समस्यातथा चुनौतिहरू

• जिल्लामा रहेका विभिन्न संघसंस्थाहरूसँग विद्यार्थीहरूका अध्ययन क्षेत्र, रूचि, सिप र विज्ञताका आधारमा रोजगारका अवसरहरू पर्याप्त नहुनु ।

• Councelling and Placement Cell लाई व्यवस्थित गर्न नसक्नु ।

### ४) समाधानका उपायहरू

• क्याम्पसमाCouncelling and Placement Cell का लागि छुट्टै जनशक्तिको व्यवस्थापन गर्ने ।

• आवश्यकतानुसार सामयिक रूपमाCouncelling and Placement Cellका लागि आवश्यक बजेटको व्यवस्था गर्ने ।

# प्रकाशन समिति

## वार्षिक प्रतिवेदन – २०७६/०७७

• पेशल आचार्य
संयोजक, प्रकाशन समिति

### १. पृष्ठभूमि

मन्थली सहिद स्मृति बहुमुखी क्यामपसमा त्रिभुवन विश्वविद्यालयबाट २०५७ सालमा बीएतर्फ स्नातक तहको सम्बन्धन लिए पश्चात् मानविकी, २०६२ सालमा शिक्षा सङ्काय, २०६४ सालमा बीबीएस् र २०६७ सालमा नेपाली र इपिएम् विषयको स्नातकोत्तर तहको स्वीकृति लिएर रामेछाप जिल्लामै एक मात्र क्यूएए प्राप्त क्याम्पसका रूपमा कार्यरत रहेको र धेरै विद्यार्थीहरूलाई शिक्षा सेवा दिइरहेको सामुदायिक क्याम्पस हो । गतवर्ष ५१९ र यस वर्ष ६५० जना विद्यार्थीहरू स्नातक र स्नातकोत्तर तहका माथि उल्लेखित विषय र सङ्कायहरूमा अध्ययनरत रहेका छन् ।

हाल यो क्याम्पसले विश्वविद्यालय अनुदान आयोगबाट आवश्यक सबै प्रकारका सूचकहरू पूरा गरेर QAA प्राप्त गरेको अवस्था छ । क्याम्पसमा सञ्चालन हुने शैक्षिक क्रियाकलापहरूलाई व्यवस्थित, गुणस्तरीय र समयानुकूल सन्दर्भमा चल्ने बनाउनका लागि क्याम्पसले विभिन्न किसिमका समितिहरूको गठन गरेको छ । यसै सन्दर्भमा २०७२ सालमा प्रकाशन समितिको गठन भएको हो । यस समितिमा बढीमा ७ र घटीमा ५ जना सदस्यहरू रहने व्यवस्था रहेको छ ।

### २. समितिका पदाधिकारीहरू

| | |
|---|---|
| क. पेशल आचार्य | : संयोजक |
| ख. नारदकुमार थापा | : सदस्य |
| ग. बद्रीप्रसाद अधिकारी | : सदस्य |
| घ. खेचबहादुर खड्का | : सदस्य |
| ङ. तीर्थराज बराल | : सदस्य |

(पुनश्च : प्रकाशन समितिमा माथिका प्राध्यापकहरू रहनु भएता पनि पत्रिका र जर्नल प्रकाशन गर्दाका अवस्थामा भने सल्लाहकार, प्रधान सम्पादक, सम्पादन समूह, भाषा सम्पादक र सहयोगीका रूपमा क्याम्पसमा कार्यरत शैक्षिक व्यक्तित्वहरू मध्येबाट निश्चित जिम्मेवारी दिनकालागि बौद्धिक व्यक्तिहरूलाई लिन सकिने छ । जर्नलमा ती सबै व्यक्तिको नामउल्लेख गरिने छ ।)

### ३. बैठक र कार्यविधि

प्रकाशन समितिको बैठक वार्षिक रूपमा आवश्यकतानुसार ३ पटक बस्ने छ । सो समितिले वार्षिक रूपमा शिक्षक, प्राध्यापक र कर्मचारीहरूका सिर्जनात्मक एवम् अनुसन्धानात्मक रचनाहरू समावेश गरेर

वार्षिक रूपमा एउटा 'धरोहर' जर्नल र वार्षिक रूपमै विद्यार्थी, शिक्षक र कर्मचारीहरूका रचनाहरू समावेश गरेर 'नवोदित'नामको पत्रिका प्रकाशन गर्ने छ ।

## ४. प्रकाशन समितिका प्रमुखकार्यहरू

- विद्यार्थी, प्राध्यापक र कर्मचारीहरूका सिर्जनात्मक र अनुसन्धानात्मक रचनाहरू र लेखहरूलाई सम्पादन गरी 'धरोहर' र 'नवोदित'पत्रिकाहरूमा प्रकाशित गर्ने ।

- विद्यार्थीहरू र प्राध्यापकहरूलाई सिर्जनात्मक र अनुसन्धानात्मक कार्य गर्न उत्प्रेरित गर्ने गराउने ।

- प्रकाशित लेख, रचना र अनुसन्धानहरूलाई उत्प्रेरणाका लागि यथोचित पारिश्रमिकउपलब्ध गराउने ।

- क्याम्पस बाहिरबाट विज्ञ वाविशेषज्ञहरूका पठनीय लेख रचनाहरूको संकलन गरी 'धरोहर' र 'नवोदित' मा प्रकाशन गर्ने गराउने ।

- प्रकाशन समितिले आवश्यकतानुसार विज्ञ र सम्पादन जनशक्ति क्याम्पस भित्रबाटै लिने र कार्य गर्ने गराउने ।

## ५. प्रकाशन समितिका सबल पक्षहरू

– प्रकाशन समिति गठन भई नियमित रूपमा प्रकाशन हुनु ।

– शिक्षक र विद्यार्थीहरूलाई नियमित रूपमालेख र रचनाएवम् अनुसन्धानात्मक रचना लेख्न उत्प्रेरित गर्नु ।

– जिल्लामा भएका क्याम्पसहरूमा प्रकाशन भएका क्याम्पसको पहिचान हुनु ।

## ६. प्रकाशन समितिका समस्या र चुनौतिहरू

– समयमा पत्रिका र जर्नल निकाल्न नसक्नु ।

– लेख रचना र अनुसन्धानात्मक लेखहरू समयमा उपलब्धनहुनु ।

– पर्याप्त मात्रामा प्रकाशन समितिमा बजेटको व्यवस्था नहुनु ।

अन्तमा, क्याम्पसले आफूले विगतमा गरेका कामहरूलाई शिक्षाका रूपमा लिँदै प्रकाशन र सूचनाका क्षेत्रमा समेत अपडेट गर्नकालागि प्रकाशन समितिको गठन भएको हो । सो कुरालाई मध्यनजर गर्दै हालसम्म यो कार्य अगाडि बढिरहेको छ । आगामी दिनमा अझ यो कार्यलाई चुस्तदुरुस्त र वैज्ञानिक रूपमाअघि बढाउने योजना रहेको छ ।

# पुस्तकालय विभाग

## वार्षिक प्रतिवेदन-२०७६/०७७

• सोविता न्यौपाने

संयोजक, पुस्तकालय विभाग

### १.पृष्ठभूमि

मन्थली सहिद स्मृति बहुमुखी क्याम्पसमा त्रिभुवन विश्वविद्यालयबाट २०५९ सालमा बीएड् शिक्षाको सम्बन्धन लिए पश्चात् शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली, अङ्ग्रेजी, गणित, स्वास्थ्य, जनसङ्ख्या र अर्थशास्त्र जस्ता विषयहरू पठनपाठन हुँदै आएको छ। यस क्याम्पस अन्तर्गत विभिन्न विषय समितिहरू रही शिक्षण सिकाइलाई समयसापेक्ष, गुणस्तरीय र वैज्ञानिक बनाउने कार्य तदारुकताका साथ हुँदै आएको पाइन्छ। **'सिकाइ आज ... नेतृत्व भोलि'** भन्ने नारालाई मूर्तरूप दिन, शिक्षणलाई जीवनोपयोगी र उत्पादनमूलक बनाउन शिक्षाशास्त्र सङ्काय,व्यवस्थापन, मानविकी र त्यस्तै शिक्षाशास्त्र सङ्कायअन्तर्गत २०६७ सालमा एम्एड् तहमा नेपाली र इपिएम् विषयमा सम्बन्धनलिई उच्चमाविका लागि आवश्यक पर्ने जनशक्तिहरू उत्पादनमा सहयोग पुर्‍याइएको पाइन्छ।

मन्थली सहिद स्मृति बहुमुखी क्याम्पस त्रिभुवन विश्वविद्यालयबाट २०५९ सालमा बि.एड्. शिक्षाको सम्बन्धन लिएपश्चात् २०६५ सालबाट पुस्तकालयको स्थापना भएको हो। गुणस्तरीय शिक्षा अध्ययनका लागि दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्यले शिक्षाशास्त्र सङ्कायबाट लाइब्रेरीको शुरूवात गरिएको हो। २०७६ पौषमा QAA मान्यता प्राप्त यस मन्थली सहिद स्मृति बहुमुखी क्याम्पसमा शिक्षाशास्त्र, व्यवस्थापन र मानविकी सङ्कायमा अध्ययन अध्यापन गराउने गरिन्छ।विद्यार्थीहरूले विभिन्न विषयको अध्ययनकालागि सैद्धान्तिक ज्ञान तथा अनुभव प्राप्तगर्न पुस्तकालयको व्यवस्था गरिएको छ। समसामयिक, व्यवहारिक, सैद्धान्तिक र प्रयोगात्मक सिकाइ प्राप्त गर्नका लागि प्रत्येक दिन प्राय: सबै विद्यार्थीहरू लाइब्रेरीमा उपस्थित हुने गरेको पाइन्छ। यस लाइब्रेरीमा अध्ययन गर्नकालागि विद्यार्थीहरू पुस्तक, ई-लाइब्रेरी, कम्प्युटर ल्याब, पत्रपत्रिका र अन्य सन्दर्भ सामग्रीहरू अध्ययनकालागि दैनिक रूपमा आउने गर्दछन्।

स्नातक तथा स्नात्तकोतर तह सम्मका अध्ययन विद्यार्थीहरू आवश्यक पुस्तक तथा सन्दर्भ सामग्रीहरू सु-व्यवस्थितका साथ विद्यार्थीहरूलाई Software मार्फत् उपलब्ध गराउने व्यवस्था गरिएको छ। वर्तमानयुग सूचना प्रविधिको युग भएकाले विद्यार्थीहरू का लागि आवश्यक कुराहरू अध्ययन गर्न ई-लाइब्रेरीको समेत व्यवस्था गरिएको छ। त्यसैगरी यस लाइब्रेरीमा दैनिक, साप्ताहिक, मासिक र वार्षिक पत्रपत्रिकाहरू समेत उपलब्ध हुने व्यवस्था गरिएको छ। हाल आएर यस पुस्तकालयलाई सहज वातावरण र सिर्जनात्मक तरिकाले उपस्थिति गराएर शिक्षक र विद्यार्थीहरूलाई पुस्तक वितरण गर्ने गरिएको छ।

२. पुस्तकालय व्यवस्थापन समिति

| क्र.स. | पद | नामथर | फोन नम्बर |
|---|---|---|---|
| १ | संयोजक | सोविता न्यौपाने | ९८४४०४४७४७ |
| २ | सदस्य | शम्भु श्रेष्ठ | ९८४४०४३९६ |
| ३ | सदस्य | निरज झा | ९८४९१३१८५४ |

**पुस्तकालय व्यवस्थापन समिति अन्तर्गत २०७६ सालमा भएका कार्य तथा निर्णयहरू**

- २०७६-१-१५ मा आवश्यक पाठ्यपुस्तक र सन्दर्भ सामग्री खरिद गर्ने ।
- २०७६-१-१५ मा पुस्तकालयमा भएका पुस्तक र पाठ्यसामग्री व्यबस्थित गरेर राख्ने ।
- पुस्तकालयमा आवश्यक भौतिक सामग्रीहरू खरिद गर्न क्याम्पस प्रमुख समक्ष अनुरोध गर्ने ।
- Software विधिबाट विद्यार्थीहरूलाई पाठ्यपुस्तक वितरण गरी त्यसको रेकर्ड राख्ने ।
- ई-लाइब्रेरीमा आवश्यक कम्प्युटर र इन्टरनेट जडान गर्ने कार्य ।
- २०७६-५-५ मा स्नाकोत्तर तह सेमेस्टरको पाठ्यपुस्तक खरिद गर्ने कार्य ।
- २०७६-५-५ मा Reference Books थप उपलब्ध गराउन क्याम्पस प्रमुख समक्ष अनुरोध गरियो ।
- २०७६-८-७ मा स्नातक व्यवस्थापन र मानविकी तहमा पाठ्यक्रम परिर्वतन भएको हुँदा नयाँ पाठ्यपुस्तक माग गर्न क्याम्पस प्रशासनलाई अनुरोध गर्ने निणर्य ।
- २०७६-८-७ मा पुस्तकालयमा भएका पाठ्यपुस्तकहरूको Bar-Code नम्बर अनिवार्य भएको हुँदा Bar-Code राख्ने निणर्य ।
- २०७६-१०-१० मा लाइब्रेरी र ई-लाइब्रेरीलाई व्यवस्थित गर्न प्रिन्टर र फोटोकपी मेसिन राख्न माग ।
- २०७६-१०-१० माएम्.एड्.तृतीय सेमेस्टार ई.पी.एम् र नेपाली विषयका पुस्तकहरूको आवश्यक भएको हुँदा क्याम्पस प्रशासनलाई उपलब्ध गराउन भनी अनुरोध ।

**३. सबल पक्षहरू**


- पुस्तकालयमा अध्ययन गर्नका लागि दैनिक उपस्थितिमा विद्यार्थीहरूको संख्या वृद्धि भएको,
- पाठ्य सामग्रीको अतिरिक्त सन्दर्भ सामग्रीको अध्ययनले विद्यार्थीहरूको पढ्ने, लेख्ने कलाको विकास भएको,
- विद्यार्थीहरूमा विषयवस्तुसँग सम्बन्धित आवश्यक सन्दर्भ सामग्रीहरू खोज्ने बानीको विकास भएको,

क्याम्पसद्वारा सञ्चालित विभिन्न शैक्षिक, भौतिक, व्यवस्थापकीय तथा






## अतिरिक्त कृयाकलापका झलकहरुः














मन्थली नगरपालिका-१, रामेछाप
email: mssmcampus@gmail.com, Website: www.mssmc.edu.np


"शारीरिक र मानसिक
अन्तर सङ्कायगत
२०७५
समापन तथा पुरस्कार
आयोजक
म.न.पा.-१,










वक्तृत्वकला प्रतियोगिता
रामेछाप


शालिमार
Sweet
Selfie



# विश्व विद्यालय अनुदान आयोग (UGC) बाट गुणस्तर सुनिश्चितता प्रत्यायन (QAA) प्राप्त सम्बन्धी जानकारी तथा छलफल कार्यक्रम

**१४ माघ, २०७६**

**आयोजक**

**मन्थली सहिद स्मृति बहुमुखी क्याम्पस**

**मन्थली–१, रामेछाप**



# विश्व विद्यालय अनुदान आयोग (UGC) बाट गुणस्तर सुनिश्चितता प्रत्यायन (QAA) प्राप्त सम्बन्धी जानकारी तथा छलफल कार्यक्रम

**१४ माघ, २०७६**

**आयोजक**

**मन्थली सहिद स्मृति बहुमुखी क्याम्पस**

**मन्थली–१, रामेछाप**




AWARD
AWARDEES


Refresher Training on Innovative
Teaching Methodology
2-4 June, 2018


मन्थली सहिद स्मृति बहुमुखी क्याम्पस
मन्थली नगरपालिका-१, रामेछाप



विश्वविद्यालय अनुदान आयोग

सानोठिमी, भक्तपुर, नेपाल

# UNIVERSITY GRANTS COMMISSION

SANOTHIMI, BHAKTAPUR, NEPAL

## Certificate of Institutional Accreditation

*The University Grants Commission on the recommendation of the Higher Education Quality Assurance and Accreditation Council hereby duly confers the Certificate of the Institutional Accreditation to*

**MANTHALI SAHID SMRITI MULTIPLE CAMPUS**

Manthali – 01, Ramechhap

Nepal

Prof. Bhim Prasad Subedi, PhD

Chairman

Date: 2076/09/28 BS

January 13, 2020 AD

This certificate is valid for five years from the date of issue.